आज मिति २०७८ साल जेठ २१ गतेका दिन यस पुतलीबजार नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा भर्चुअल बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र स | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | श्री सीमा कुमारी क्षेत्री | प्रमुख | उ |
| २ | श्री महेश पुरी | उप प्रमुख | उ |
| ३ | श्री निर्मल कुमार शेरचन | १ नं वडाध्यक्ष | उ |
| ४ | श्री तिलकराम श्रेष्ठ | २ नं वडाध्यक्ष | उ |
| ५ | श्री अमृत कुमार श्रेष्ठ | ३ नं वडाध्यक्ष | उ |
| ६ | श्री ओम बहादुर खड्का | ४ नं वडाध्यक्ष | उ |
| ७ | श्री रामचन्द्र रेग्मी | ५ नं वडाध्यक्ष | उ |
| ८ | श्री कृष्ण बहादुर कार्की | ६ नं वडाध्यक्ष | उ |
| ९ | श्री विश्वेश्वर प्रसाद रेग्मी | ७ नं वडाध्यक्ष | उ |
| १० | श्री याम बहादुर शाही | ८ नं वडाध्यक्ष | उ |
| ११ | श्री लिल प्रसाद गुरुङ | ९ नं वडाध्यक्ष | उ |
| १२ | श्री दुर्ग बहादुर शाह | १० नं वडाध्यक्ष | उ |
| १३ | श्री भवानी प्रसाद लामिछाने | ११ नं वडाध्यक्ष | उ |
| १४ | श्री दुत प्रसाद गुरुङ | १२ नं वडाध्यक्ष | उ |
| १५ | श्री ख्याम नारायण अधिकारी | १३ नं वडाध्यक्ष | उ |
| १६ | श्री शेषराज ढकाल | १४ नं वडाध्यक्ष | उ |
| १७ | श्री उमादेवी वस्याल | कार्यपालिका सदस्य | उ |
| १८ | श्री टोपली दमै | कार्यपालिका सदस्य | उ |
| १८ | श्री तिल कुमारी रेग्मी देवकोटा | कार्यपालिका सदस्य | उ |
| २० | श्री रामकुमारी थापा | कार्यपालिका सदस्य | उ |
| २१ | श्री सीता भुजेल | कार्यपालिका सदस्य | उ |
| २२ | श्री बाबुकाजी जि टी | कार्यपालिका सदस्य | उ |
| २३ | श्री सिद्धिमान कुमाल | कार्यपालिका सदस्य | उ |
| २४ | श्री रवि विक्रम के. सी | आमन्त्रित सदस्य | उ |
| २५ | श्री पुरुषोत्तम शर्मा प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | उ |

१. प्रस्तावहरु

१. नवौं नगरसभाको मिति तोक्ने सम्वन्धमा
२. शासकीय क्षमता सुधार अन्तरगत् नियुक्त हुने परामर्शदताको लागत अनुमान TOR र मुल्याङ्कनका आधार अनुमोदन सम्वन्धमा
३. औद्योगिक ग्रामक ठेक्का तोड्ने सम्वन्धमा
४. LISA को स्वमुल्याङ्कन नतिजा सार्वजनिक सम्वन्धमा
५. राजश्व परामर्श समितिको वैठकका निर्णयहरु स्वीकृति सम्वन्धमा
६. प्रशासकीय भवनको लागि जग्गा सम्वन्धमा
७. विपद्कोषमा रकम जम्मा र धन्यवाद सम्वन्धमा

निर्णय नं. १ :

यस नगरपालिकाको नवौं नगरसभा अधिवेशन २०७८ आषाढ १० गते विहान ८.०० बजे सिटि हल स्याङ्जामा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :

नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग र यस नगरपालिका बीच नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तरगत यस नगरपालिकामा पूर्वाधार निर्माण गर्नको लागि मिति २०७७/११/२१ मा भएको सम्झौता अनुसार यस नगरपालिकामा आयोजनाको पूर्वाधारहरुको डिजाईन तथा सुपरभिजन गर्ने परामर्शदाता नियुक्त गर्नको लागि आवश्यक पर्ने Terms of Reference तथा Evaluation Criteria र आयोजना अवधिको परामर्शदाताको लागि लाग्ने अनुमानीत लागत अनुमान नगर प्रमुखको निर्णयवाट मिति २०७८/०२/१६ मा स्वीकृत भएकोमा सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

यस नगरपालिका अन्तरगतको वडा नं. ४ को वरबोटमा औद्योगीक ग्राम स्थापनाको लागि कानून बमोजिम ठेक्का वन्दोवस्त गरी सम्वन्धित निर्माण व्यवसायीलाई नगरपालिकावाट रु. ७,८०,०००।- मोविलाईजेसन पेश्कि दिइएको तर हालसम्म पनि स्थानीय वासिन्दाको अवरोधका कारण निर्माणस्थल खाली गरी उपलब्ध गराउन नसकिएको कारणले निर्माण कार्य शुरु हुन सकेको छैन । यस नगरपालिकाको पहलमा मिति २०७७ माघ २६ गते आयोजना गरिएको सर्वदलिय/सर्वपक्षिय बैठकको निर्णयानुसार गठन भएको औद्योगिक ग्राम निर्माण तथा सहजीकरण समितिको बैठक राखी २०७८ जेष्ठ मसान्त भित्र सरोकारवालाहरु संग आवश्यक छलफल तथा समन्वय गरी निर्माण कार्यलाई अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं. ४ :

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा जारी स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँङ्कन कार्यविधि २०७७ वमोजिम यस नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दा प्राप्त ७९.२५ अंकलाई सार्वजनिक गर्नको लागि नगर प्रमुखवाट मिति २०७८/०२/१३ मा भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

यस नगरपालिका अन्तरगतको स्थानीय राजस्व परामर्श समितिको मिति २०७८/०१/०९ को वैठकबाट आर्थिक वर्ष २०७८/७९ को लागि निर्धारण गरेका राजस्वका दररेट तथा विभिन्न शिर्षकहरुको लागि तोकिएको न्यूनतम राजस्व रकम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस नगरपालिकाको प्रशासकीय भवन भएको स्थान साघुँरो भएकोले नगरपालिकाको लागि आगामि दिन आवश्यक पर्ने थप भवन निर्माण गर्नको लागि जग्गाको अभाव हुन जान्छ । यस नगरपालिका अन्तरगतको वडा नं. १ को प्रशासकीय भवन निर्माण गर्नको लागि उपयुक्त जग्गा प्राप्त हुन सकेको छैन । नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्ने स्थान अन्यत्र खोज्न सकेको अवस्थामा हाल प्रशासकीय भवन भएको स्थानमा वडा नं. १ को कार्यालय राख्न सकिन्छ । यस नगरपालिका वडा नं. ३ बाडखोलामा नेपाल खाद्यसंस्थानको नाउँमा दर्ता कायम रहेको कित्ता नं. ४० को जग्गा विवरण ८-१०-२-३ को जग्गा हाल खालि रहेको, उक्तस्थान नगरपालिकाको केन्द्र भागमा नै रहेको र नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न उपयुक्त हुने भएकोले उक्त जग्गा यस नगरपालिकाको नाउँमा ल्याउनको लागि नेपाल सरकार तथा अन्य सरोकारवाला निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

विश्वमा महामारीको रुपमा फैलिएको कोभिड-१९ को दोस्रो भेरिएन्टको कारण यस नगरपालिकामा पनि धेरै नगरवासी संक्रमित भई विभिन्न स्थानमा उपचारत रहनु भएकोछ । बिमारी तथा संक्रमित नगरवासीको सुविधाको लागि नगरपालिकाले औषधोपचार तथा ओसारपसार गर्न, लास व्यवस्थापनको लागि सवारी साधानको व्यवस्था गरी रहेको छ । यि सबै कार्य नगरपालिकाको एक्लो प्रयासले मात्र सम्भव छैन । यस नगरपालिकाका जन प्रतिनिधिहरुले विगतमा पनि कोभिड नियन्त्रण तथा व्यवस्थापनको लागि विपद् व्यस्थापन कोषमा आफूले पाउने सुबीधाबाट कट्टा गरी योगदान गरेकोमा यस वर्ष पनि सबै जन प्रतिनिधिहरुको १५ दिन बराबरको सुबिधा वापतको रकम् नगरपालिकाको विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै यस नगरपालिका अन्तरगत कार्यरत कर्मचारीहरुको बैठकले नगरपालिकामा कार्यरत सबै कर्मचारीहरुको खाईपाई आएको पाश्रिमीकको ३ (तिन) दिन बराबरले हुन आउने रकम रु.५,७९,१०६।- नगरपालिकाको विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरी रकम समेत जम्मा गरेकोले सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।